आज मिति २०७८ साल मंसीर ५ गतेका दिन यस रत्ननगर नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री नारायण वनज्यूको अध्यक्षतामा एवं तपशिल बमोजिमका पदाधिकारीज्यूहरुको उपस्थितिमा बसी निम्न प्रस्ताव माथि छलफल गरी निर्णय गरीयो।

उपस्थिति :

| क.सं. | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री नारायण वन | |
| २ | नगर उपप्रमुख | श्री बिमला देवी दुवाडी | |
| ३ | वडा अध्यक्ष वडा नं. १ | श्री शंकर सिं तमाङ्ग | |
| ४ | वडा अध्यक्ष वडा नं. २ | श्री तिलक राज पौडेल | |
| ५ | वडा अध्यक्ष वडा नं. ३ | श्री गुप्तनाथ भट्टराई | |
| ६ | वडा अध्यक्ष वडा नं. ४ | श्री रबिन्द्र चौधरी | |
| ७ | वडा अध्यक्ष वडा नं. ५ | श्री कृष्ण महतो | |
| ८ | वडा अध्यक्ष वडा नं. ६ | श्री बलराम दाहाल | |
| ९ | वडा अध्यक्ष वडा नं. ७ | श्री लाल बहादुर भट्ट | |
| १० | वडा अध्यक्ष वडा नं. ८ | श्री बिनोद बस्नेत | |
| ११ | वडा अध्यक्ष वडा नं. ९ | श्री रोशन आचार्य | |
| १२ | वडा अध्यक्ष वडा नं. १० | श्री केशब आचार्य | |
| १३ | वडा अध्यक्ष वडा नं. ११ | श्री शशी भक्त न्यौपाने | |
| १४ | वडा अध्यक्ष वडा नं. १२ | श्री बीर बहादुर पाखिन | |
| १५ | वडा अध्यक्ष वडा नं. १३ | श्री चित्र बहादुर भण्डारी | |
| १६ | वडा अध्यक्ष वडा नं. १४ | श्री हरी कुमार श्रेष्ठ | |
| १७ | वडा अध्यक्ष वडा नं. १५ | श्री हुमनाथ लामिछाने | |
| १८ | वडा अध्यक्ष वडा नं. १६ | श्री हेमराज थापा | |
| १९ | कार्यपालिका सदस्य | श्री राजेन्द्र परीयार हमाल | |
| २० | कार्यपालिका सदस्य | श्री मिना गिरी | |
| २१ | कार्यपालिका सदस्य | श्री भोला देवी गौडेल | |
| २२ | कार्यपालिका सदस्य | श्री सरस्वति लामा | |
| २३ | कार्यपालिका सदस्य | श्री निर्मला कुमारी खड्का | |
| २४ | कार्यपालिका सदस्य | श्री रिता बि.क. | |
| २५ | कार्यपालिका सदस्य | श्री कृष्ण हरी परीयार | |
| २६ | कार्यपालिका सदस्य | श्री मन कुमारी बि.क. | |
| २७ | सचिव प्र.प्र.अ. | श्री शिशिर पौडेल | |

**अन्य उपस्थिती :**

लेखा अधिकृत श्री कृष्ण प्रसाद सुवेदी

अधिकृत छैठौं श्री अर्जुन पगेनी

,, श्री स्वस्तिका अर्याल

,, श्री उर्मिला तमाङ्ग दाहाल

**निर्णय १:**

रत्ननगर २, बुढीकुलो नजिकमा निर्माण गरिने बहुउद्धेश्यीय भवन निर्माण योजना विगत लामो समयदेखि काम शुरुवात नगरी ढिलासुस्ती गरेकोले ठेकदार कम्पनी एस.एस.पि. कन्स्ट्रक्सन, नीलकण्ठ-३, धादिङ्ग (प्रो. फौदनाथ सापकोटा) संगको ठेक्का सम्झौता रद्ध गर्ने र उक्त योजना उपभोक्ता समिति मार्फत संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २:**

रत्ननगरको गौरव सौराहा क्षेत्रको व्यवस्थापनका लागि वडा नं. ७ को चित्रसारी पुलदेखि पूर्व तर्फको सार्वजनिक जग्गामा **सौराहा बस पार्क** निर्माण स्थलमा माटो फिलिङ्ग र तारवारका लागि ल. ई. वमोजिम को रकम विविध सार्वजनिक निर्माण शिर्षकबाट विनियोजन गर्ने र बोलपत्र प्रक्रिया मार्फत काम गर्ने निर्णय गरियो।

**निर्णय नं. ३:**

हरेक वडासंग माग गरिएको सार्वजनिक जग्गाहरुको विवरण यथासिघ्र पठाउन लगाउने निर्णय गरियो ।

**निर्णय नं. ४:**

रत्ननगर क्षेत्रमा पहिचान भएका सुकुम्वासीलाई जग्गाको निस्सा वितरणका लागि २०७८ पौष १५ गतेभित्र सवै वडाहरुबाट विवरण माग गरी निस्सा वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५:**

"घ" वर्गको लाईसेन्सको लागि अनुमती माग गरेका तपसिलका कम्पनीहरुलाई आवश्यक सबै प्रक्रिया र मापदण्ड पुरा गरेकोले "घ" वर्गको लाईसेन्सको अनुमती प्रदान गर्ने निर्णय गरीयो ।

**तपसिल:**

१. दक्षिणकाली बाराही निर्माण सेवा, रत्ननगर ८

२. जि.पि. मेसिन एण्ड कन्स्ट्रक्सन प्रा. लि., रत्ननगर १३

**निर्णय नं. ६:**

नगर स्तरिय कार्यक्रम अन्तर्गत वडा नं. १ को सृजना टल कुलपतिको घरदेखि पंचकन्या नहर जोड्ने सडक कालोपत्रे योजना शिर्षकमा रु. १२,००,०००।- विनियोजन भएकोमा वडा समितिको सिफारिस अनुसार निम्न वमोजिमको शिर्षकमा रकमान्तर गरी काम गर्ने र आगामी हिउँदे नगरसभामा अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो ।

**तपसिल:**

१. शेषकान्त कंडेलको घरदेखि पश्चिम पंचकन्या नहरसमम र दक्षिण मोहना जोड्ने बाटो उच्चस्तरिय ग्रावेल रु. ५,००,०००।- (पाँच लाख) ।

२. वडा कार्यालयमा ट्रस तथा कोठा निर्माण रु. १,००,०००।- (एक लाख)

३. निपनीको बाटो कालोपत्रे रु. ६,००,०००।- (छ लाख)

**निर्णय नं. ७:**

तपसिल वमोजिम राजनैतिक पार्टीहरुलाई खाजा तथा खाना वापत आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

१. नेकपा. रु. ३०,०००।- (तीस हजार)

२. ने.क.पा. माले रु. ३०,०००।- (तीस हजार)

**निर्णय नं. ८:**

रत्ननगर न.पा. वडा नं. १ निपनी चोकबाट दक्षिणतर्फ चित्रसारीसम्म सडक कालोपत्रे योजना, र.न.पा. १, ८ र ९ को रु. ३०,००,०००।- विनियोजित रकमबाट उपभोक्ता समिति मार्फत कार्य संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९:**

जिविकोपार्जन पुनरुत्थानको लागि दीगो पर्यटन परियोजनाको म्याद थपका लागि सम्बन्धित निकायमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. १०:**

यस नगरपालिकाको गरिव घरपरिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रमका लागि करारमा सुपरिवेक्षक तथा गणक व्यवस्थापन कार्यविधि, २०७८ स्वीकृत गर्ने निर्णय गरियो ।